आ.व. ०७६।०७७
वैठकः- नगर कार्यपालिका वैठक
अध्यक्षताः- नगर प्रमुख अशोक कुमार शाही

वैठक संख्याः २३/०७६/७७
मितिः-२०७७।३।२५
स्थानः- ता.न.पा सभाहल
समयः- विहान ८.०० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख श्री अशोक कुमार शाही ज्युको अध्यक्षतामा नगर कार्यपालिकाका देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| नाम थर | पद | ठेगाना | कार्यपालिका | उपस्थिति |
|---|---|---|---|---|
| श्री अशोक कुमार शाही | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष | |
| श्री लक्ष्मीदेवी पाठक | नगर उपप्रमुख | ता.न.पा. ९ | सदस्य | |
| श्री दामोदर प्रसाद घिमिरे(प्रवक्ता) | वडा अध्यक्ष | ता.न.पा. ११ | सदस्य | |
| श्री रामप्रसाद वस्याल | वडा अध्यक्ष | ता.न.पा १ | सदस्य | |
| श्री वरुणप्रसाद रेग्मी | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य | |
| श्री महेशलाल शाक्य | वडा अध्यक्ष | ता.न.पा. ३ | सदस्य | |
| श्री राजेन्द्रमुनि शाक्य | वडा अध्यक्ष | ता.न.पा.४ | सदस्य | — |
| श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य | |
| श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य | |
| श्री मुक्तिराम जि.सी. | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य | |
| श्री रामप्रसाद घिमिरे | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य | |
| श्री हरिसुमर रेग्मी | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य | |
| श्री लोचनप्रसाद तिमिल्सिना | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य | |
| श्री देवेन्द्र बहादुर राना | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य | |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य | |
| श्री कमल राना | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य | |
| श्री शशी श्रेष्ठ | का.पा. सदस्य | ता.न.पा.१ | सदस्य | — |
| श्री सुनिता श्रेष्ठ वैजु | का.पा. सदस्य | ता.न.पा.३ | सदस्य | |
| श्री मैयादेवी घिमिरे | का.पा. सदस्य | ता.न.पा ६ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| श्री बुद्धिसरा वि.क. | का.पा. सदस्य | ता.न.पा.१० | सदस्य | |
| श्री क्रमला भण्डारी | का.पा. सदस्य | ता.न.पा.१३ | सदस्य | |
| श्री दिपक विश्वकर्मा | का.पा. सदस्य | ता.न.पा.५ | सदस्य | |
| श्री विमला वौडेल | का.पा. सदस्य | ता.न.पा.८ | सदस्य | |
| श्री भीम बहादुर कुमाल | का.पा. सदस्य | ता.न.पा.७ | सदस्य | |
| श्री डिल्लीराज वेल्वासे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा | सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| श्री गणेश बहादुर थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा ४ | |
| श्री शिव थापा | का.वा. वडा अध्यक्ष | ता.न.पा १ | |

डिल्ली राज बेल्वासे
प्रशासकिय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. १**

तानसेन नगरपालिका वडा नं. ५ वतासेडाँडादेखि ढुंगाखानीसम्मको सडक विस्तार गर्दा हाईटेन्सन लाईनका पोलहरु सार्न लाग्ने खर्चको लागि नेपाल विद्युत प्राधिकरण, पाल्पाबाट लगत इस्टिमेट प्राप्त भएकोले उक्त इस्टिमेट अनुसारको रकम ता.न.पा.को कला संस्कृति संरक्षण शिर्षकबाट ५ लाख, **अनुसन्धान तथा विकास सम्वन्धी खर्च** शिर्षकवाट ५ लाख, घर घरमा स्वास्थ्य शिर्षकबाट ५ लाख र पाल्पाली ढाका शिर्षकबाट ५ (पाँच लाख गरी जम्मा रकम रु. २० लाख रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. २**

तानसेन नगरपालिकाद्वारा यस अघि संचालित होल्डीङ्ग क्वारेनटाईनमा १० लाख बराबरको रकम विनियोजन भएकोमा पछि थप १० लाख बराबरको खर्च नपुग हुने भएकोले नपुग रकम दामासाहिले पाल्पा जिल्लाका पालिकाबाट माग गर्न पाल्पा CCMC लाई अनुरोध गर्ने र रकम प्राप्त नभएसम्म सोधभर्ना हुने गरी ता.न.पा.को कोरोना कोषवाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आईसोलेशन कक्ष र होल्डिङ्ग क्वारेन्टाईन सहित ता.न.पा.को कोरोना कोषको मिति२०७७ आषाढ २० गते सम्मको आय व्यय विवरण सार्वजनिक गरी सो आय व्यय विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

कूल आम्दानी- रु.२१,५९३,४२३।
कूल खर्च- रु.१७,४९५,४७७।
मौज्दात- रु.४०,९७९४६।

**निर्णय नं. ४**

आ.व. २०७७।०७८ देखि ता.न.पा. क्षेत्र भित्रका नदिजन्य पदार्थको उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न आवश्यक भएकोले सोको सेवा परामर्श खरिद प्रक्रिया अगाडि बढाउन राजश्व शाखाबाट पेश भएको TOR स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिका वडा नं. ४ सितलपाटी मखनटोल हुँदै एनआईसी एसिया वैंकसम्म जाने वाटोमा ढुंगा छाप्ने (Flag Stone Pavement) कार्य भईरहेकोमा वन्दावन्दीको कारण सो कार्य समयमै सम्पन्न हुन नसक्ने भनी म्याद थपका लागि सम्बन्धित निर्माण व्यवसायीबाट निबेदन प्राप्त भएकोले उक्त निर्माण कार्य सम्पन्न गर्ने गरी मिति २०७७ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

नगर प्रमुख

**निर्णय नं. ६**

प्रदेश मन्त्रालयको समपुरक वजेट अन्तर्गत डाँडाकटेरी-केरवादी-अर्तुङ्ग हुँदै छेर्लुङ्गसम्म जाने मोटरवाटो निर्माणको ठेक्का सम्झौता हुने क्रममा स्थानीय वन उपभोक्ता समूहबाट परेको उजुरी, डिभिजन वन कार्यालय पाल्पाको तत्काल निर्माण कार्य नगर्नु भन्ने व्यहोराको प्राप्त पत्र, सम्वन्धित वडा कार्यालयको सिफारिस र निर्माण व्यवसायीवाट समेत काम गर्न सक्ने वातावरण नभएको भनी दिएको निवेदनको आधारमा उक्त निर्माण कार्य गर्न सम्भव नभएकोले सो वाटो निर्माण सम्वन्धी ठेक्काको सम्पूर्ण प्रक्रिया रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिका र आसपासका क्षेत्रमा विगत केही साता अगाडीदेखि अत्याधिक वर्षातका कारण ठाँउठाँउमा पहिरो गई घरगोठ, खेतवारी तथा वाटो र नाली समेत हानी नोक्सानी भएको हुँदा उक्त क्षतीलाई न्यूनीकरण गर्न आवश्यक तारजाली खरिदका लागि तानसेन नगरपालिकाको मागमा आधारित शिर्षकवाट वढीमा रु.५००००० (पांच लाख) विनियोजन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ८**

संघ र प्रदेशवाट आ.व. ०७७।०७८ मा प्राप्त हुने समपुरक र विशेष अनुदानवाट संचालन गर्न देहायका योजनाहरु छनौट गरी संघ तथा प्रदेशमा पठाउने निर्णय गरियो ।

| क्र.स | वडा नं. | योजनाको नाम | कुल लागत |
|---|---|---|---|
| १ | १ | ध्रुवघाट देखि चिलाङ्गदी जोड्ने वाटो स्तरोन्नती गरी पिचगर्ने | १ करोड |
| २ | २ | सेन मा.वि., तीनधारा सिविआर हुदै निस्कने वाटो | १ करोड |
| ३ | ३ | बसन्तपुर, भीरपानी तम्घास सडक र पप विद्यालय तल्लोगेट अगाडीको वाटो निर्माण | १ करोड |
| ४ | ४ | वागवानी घरेलु हुदै एम्वुलेन्स ग्यारेज निस्कने वाटो स्तरोन्नती | १ करोड |
| ५ | ५ | भट्टारी देखि लक्ष्मी मा.वि हुदै वाईपास जोड्ने वाटो स्तरोन्नती सहित पिच गर्ने | १ करोड |
| ६ | ६ | पालेपिपल हात्तिगौडा वाटो स्तरोन्नती सहित पिच गर्ने | १ करोड |
| ७ | ७ | लामडाडा ठाँटी सिर्सिरे वाटो वाटो स्तरोन्नती सहित पिच गर्ने | १ करोड |
| ८ | ९ | दमकडा आरुखर्क दिल बहादुरमार्ग वाटो स्तरोन्नती सहित पिच गर्ने । | १ करोड |
| ९ | १० | प्रभास गणशाल आमडाडा वाटो स्तरोन्नती सहित पिच गर्ने | १ करोड |
| १० | ११ | चण्डीभन्ज्याङ्ग जोर्ते वाटो स्तरोन्नती सहित पिच गर्ने | १ करोड |
| ११ | १२ | वतासेडाडा, लुहुङ्ग जोर्ते वाटो स्तरोन्नती सहित पिच गर्ने | १ करोड |
| १२ | १३ | वौघापोखराथोक १२ देखि वौघागुम्हा वडा नं. १३ सम्मको वाटो स्तरोन्नती सहित पिच गर्ने । | १ करोड |
| १३ | १४ | अर्गली रिङ्गरोड स्तरोन्नती | १ करोड |

नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १४ | १ | गैरागाँउ सडक डिभिजन कार्यालय सिद्धार्थ लोकमार्ग जोड्ने वाटो | १ करोड |
| १५ | १० | सेतीपोखरी गणशाल नयाँपाटी वाईपास सडक विस्तार | १ करोड |
| १६ | १३ | रानीमहल कालीगण्डकी तटवन्द निर्माण | १ करोड |
| १७ | ३ | श्रीनगर विग बुद्ध | १ करोड |
| १८, | ५ | बनदेवी हरियाली वसपार्क | १ करोड |

**निर्णय नं. ९**

शैक्षिक सत्र २०७७ मा कक्षा तथा विषय थप गर्न माग गरी निवेदन दिएका तानसेन नगरपालिका भित्रका तपसीलको विद्यालयहरुले ता.न.पा.को शिक्षा ऐन तथा नियमावलीमा उल्लेखित न्यूनतम शर्त र पूर्वाधारहरु पूरा गरेको देखिन आएकोले कक्षा तथा विषय थप गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**तपसील**

| **क.स.** | **विद्यालयको नाम, ठेगाना** | **थप गर्ने विषय/ कक्षा** |
|---|---|---|
| १. | मिलिनियम सेकेण्डरी स्कूल, ता.न.पा.-४ | कक्षा १२ कानून समूह |
| २. | मिलिनियम सेकेण्डरी स्कूल, ता.न.पा.-४ | कक्षा ५ |
| ३. | होप एण्ड ड्रिम स्कूल, ता.न.पा.-२ | कक्षा ५ |
| ४. | समता स्कूल, ता.न.पा.-२ | कक्षा ३ |
| ५. | पाल्पा आवासीय सेकेण्डरी स्कूल, ता.न.पा.-३ | पाल्पा आवासीय सेकेण्डरी शिशु विकास केन्द्र (मन्टेश्वरी कक्षा) |
| ६. | पाल्पा आवासीय सेकेण्डरी स्कूल, ता.न.पा.-३ | कक्षा ११ र १२ मा (होटल व्यवस्थापन विषय थप) |
| ७. | जनता मा.वि., ता.न.पा.-३ | कक्षा १२ तर्फ (प्रविधिक धार सिभिल इन्जिनियरिङ्ग) |

**निर्णय नं. १०**

कोरोना भाईरस (COVID-19) महामारीका कारणले हाल विद्यालयहरु वन्दावन्दीको अवस्थामा रहेको हुँदा विद्यार्थीहरुको सिकाइ प्रक्रिया असहज भैरहेको सन्दर्भमा विद्यार्थीहरुको सिकाइमा टेवा पुर्‍याउन शिक्षा तथा मानवस्रोत विकासकेन्द्रवाट पिडिएफ फाइलमा प्राप्त बाल विकास कक्षा समेत कक्षा १-८ सम्मको सिकाइ सहजीकरण स्रोत सामाग्री छपाई गर्न सशर्ततर्फको रकम रु.४०००००। (चार लाख) बाट नपुग भएकोले शिक्षातर्फ छुट्टयाइएको वित्तीय समानीकरण अनुदान अन्तर्गत चालु आ.व.मा सम्पन्न हुन नसकेका शीर्षकहरु मध्येको कुल रकम रु.७५००००। (सात लाख पचास हजार) रकमान्तर गरी स्रोत सामाग्री छपाइ गरी संस्थागत र सामुदायिक सबै विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई वितरण गर्ने गरी मिति २०७७/३/२२ मा नगर प्रमुखबाट भएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको कार्य सम्पादनमा आधारित स्थानीय संचारगृहको संस्थागत विकासका लागि विनियोजित रु. ४ (चार लाख) वाट संचारगृहलाई भुक्तानी गर्न वजेट नपुग भएको कारण नेपाल पत्रकार महासंघको संस्थागत विकास तर्फ रु. १०००००। (एक लाख) र चारवटा रेडियोहरुलाई प्रति रेडियो ५०,०००। (पचास हजार) का दरले हुने जम्मा रकम रु. ३०००००। (तीनलाख) तानसेन नगरपालिकाको प्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत जनतासंग मेयर रेडियो कार्यक्रमबाट रकम रु. २०००००।- (दुई लाख) र पत्रकार साक्षात्कार कार्यक्रमबाट रकम रु. १०००००।- (एक लाख) रकमान्तर गरी स्थानीय संचार

Scanned with CamScanner

नगर प्रमुख

सवलीकरण समितिको निर्णय वमोजिम भुक्तानी दिने र तानसेन नगरपालिकाको सहकार्यमा उक्त वजेटवाट रेडियो शिक्षा कार्यक्रम संचालन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. १२**

नेवा देय दवु पाल्पाले पाल्पाली धिमेवाजाको संरक्षण गर्दै आएकोमा यस वर्ष सन्चालन गरेको कार्यक्रम वापत खर्च भएको रु.२०,०००। (वीस हजार) तानसेन नगरपालिकाको प्रवर्द्धनात्मक कार्यक्रमको कला, संस्कृति तथा सम्पदा संरक्षण शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं. १२ अन्तर्गत वतासेडाँडा लुहुङ, जोर्ते, नाच्नेडाँडा, नामीकुवा, लुङसार, स्वास्थ्य चौकी र वीरपोखरा क्षेत्रको बाटो सरसफाईमा खर्च भएको रकम रु. ७२०००। (वहत्तर हजार) को वील पेश भएकोमा उक्त रकम **विपद् व्यवस्थापन** शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १४**

तानसेन नगरपालिका वडा नं. १ स्थित गैरागाउ देखि सिद्धार्थ राजमार्ग जोड्ने सडक आ.व. ०७५।०७६ मा मर्मत गरिएको र सोही समयमा शर्मा निर्माण सेवावाट बसपार्क-भुसलडाँडा-चिलाङ्दी सडक र गैरागाँउ सिद्धार्थ राजमार्ग जोड्ने सडकको स्थानीय पुर्वाधार शुल्क संकलन गर्नेगरी सम्झौता भएकोमा उक्त बाटो निर्माण गर्दा करिव १ महिनासम्म स्थानीय पुर्वाधार शुल्क संकलन गर्न नसकेको हुँदा सो वापतको फिर्ता गर्नुपर्ने रु ३०,०००। (तीस हजार) तानसेन नगरपालिका मानव शंसाधन विकास योजना शिर्षकवाट भुक्तानी दिने निर्णय गरीयो ।

**निर्णय नं. १५**

तानसेन नगरपालिका वडा नं. ५ डाँडाथोक हुँदै धनु घिमिरेको घरसम्म खानेपानीको व्यवस्थापन गर्नको लागि १/२ ईन्च पाईप माग गरेकोले हाललाई २०० मिटर १/२ ईन्च पाईप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१६**

तानसेन नगरपालिकाभित्र कृषि क्षेत्रमा काम गर्ने गरी **Commercial Agriculture for Smallholders and Agribusiness (CASA)** बखुण्डोल ललितपुरले यस क्षेत्रमा कार्यक्रम संचालन गर्नको लागि अनुमति माग गरेकोमा उक्त संस्थालाई नियमित रुपमा चौमासिक प्रतिवेदन पेश गर्नेगरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

आ.व. २०७६।०७७ मा पदाधिकारी वैठक भत्ता नपुग भएकोले चालु खर्च शिर्षकको कर्मचारी पारिश्रमीक खर्च शिर्षकवाट रु. ६,०००००। पदाधिकारी वैठक भत्ता शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

नगर प्रमुख

दिल्ली राज बेल्बासे
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

**निर्णय नं. १८**

आ.व. ०७६।०७७ मा कर्मचारी कल्याण कोष खातामा जम्मा गर्नुपर्ने रु. १८ लाख उक्त कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

तानसेन नगरपालिकाबाट कोभिड-१९ प्रयोजनको लागि गाडी भाडामा लिएकोले गाडी धनी शिव बहादुर घर्तीलाई कर वाहेक प्रतिदिन रु. ५०००। (पाँच हजार) का दरले गाडी संचालन भएको जम्मा दिन ६५ (पैसठ्ठी) को भाडा वमोजिमको रकम रु.३,२५,०००। (तीन लाख पच्चीस हजार मात्र) ता.न.पा.को समुदायमा आधारित विपद् व्यवस्थापन कार्यक्रम शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २०**

ता.न.पा. वडा नं. १३ छेर्लुङ्ग स्थित वोटेगाँउको लागि आ.व. ०७५।०७६ मा खरिद गरेको जस्तापाताको रकम दुस्यान्त हार्डवेयरलाई भुक्तानी गर्न वाँकी रहेको वील वमोजिमको रकम रु. ४,९८,३९९। (चारलाख अन्ठान्नब्वे हजार तीनसय उनान्सय मात्र) ता.न.पा.को वडा कार्यालय पहुँचमार्ग शिर्षकबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

तानसेन नगरपालिकाको लामो समयदेखी नविकरण गर्न छुट रहेको सवारी साधनको नविकरण तथा विमा वापतको खर्च रकम रु.५,१३,४७७ (पाँचलाख तेह्र हजार चारसय सतहत्तर) तानसेन नगरपालिकाको फोहर मैला व्यवस्थापन शिर्षकवाट खर्च भएकोले उक्त खर्च रकम अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

लामो समयदेखि मर्मत नभई सञ्चालनमा आउन नसकेको तानसेन नगरपालिकाको व्याकहो लोडर (
जे.सी.भी.) को मर्मत कार्य नगरपालिकाको फोहर मैला व्यवस्थापन शिर्षकवाट खर्च भएकोले उक्त रकम
रु. ५,८३,०४९। (पाँचलाख त्रीयासी हजार उन्पचास) अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

साविकका गा.वि.स.हाल तानसेन नगरपालिकामा गाभिएका वडाहरुको घरनक्शा अभिलेखिकरण गर्न माग भै आएकोले पुन. दोश्रो पटक अभिलेखिकरणका लागि ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

तानसेन नगरपालिकाको सहयोगमा नगर भित्रका ८ वटा वडाहरुमा योग शिविर संचालन तथा सामाग्री खरिद गर्नेगरी स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम शिर्षकवाट रकम रु.१०००००।- (दश लाख) को कार्यक्रम संचालन गर्न मिति २०७६।१०।२६ मा ता.न.पा. र पतन्जली योग शिविर समिति वीच

नगर प्रमुख

डिल्ली राज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सम्झौता भएकोमा उक्त शिर्षकबाट योग शिविर संचालन तथा सामाग्री खरिद गर्न कार्यविधि अनुसार नमिल्ने हुँदा सो कार्यक्रम संचालनको लागि लक्षित वर्ग क्षमता विकास कार्यक्रम शिर्षकवाट रु.४०००००।- (चार लाख) रकमान्तर गरी भुक्तानी दिने र योग शिविर समितिलाई पेश्की स्वरुप गएको रकम रु.३५००००।- (तीन लाख पचास हजार) को हिसाब मिलान गरी कोष तथा लेखा नियन्त्रकको कार्यालय, पाल्पामा फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

नारी साहित्य तथा साँस्कृतिक प्रतिष्ठान तानसेन पाल्पाले अक्षय कोष स्थापनाका लागि सहयोग माग गरेकोमा ता.न.पा.को कला संस्कृति संरक्षण शिर्षकवाट रु. २५०००।-. (पच्चीस हजार) को अक्षयकोष स्थापना गर्न रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

तानसेन नगरपालिका वडा नं. ६ स्थित झातेचौर खानेपानी योजनाको लागि २ ईन्चको पाईप आवश्यक परेकोले उक्त खानेपानी व्यवस्थापन गर्न २ ईन्चको २०० (दुई सय) मिटर पाईप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २७**

तानसेन नगरपालिकालाई खरको छानामुक्त नगर वनाउन खरको छाना भएका घरधनीलाई वडा कार्यालयको सिफारिसमा प्रतिघर ३ (तीन) वण्डल कर्कट पाता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

तानसेन नगरपालिका र आसपासका क्षेत्रमा विगत केही सातादेखि अत्याधिक वर्षातका कारण टोल वस्तीमा वाढीपहिरो गई ठूलो क्षती पुऱ्याएकोले तानसेन नगरपालिकाद्वारा गठित समितिवाट क्षेतीग्रस्त ठाँउहरुको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश हुँदा क्षतिग्रस्त संरचनाहरुको निर्माण र मर्मत सम्भार गर्न ता.न.पा को कोषवाट सम्भव नदेखिएकोले समितिवाट प्राप्त प्रतिवेदन सहित जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल सरकार र प्रदेश सरकारमा माग गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २९**

तानसेन नगरपालिका वडा नं. १४ स्थित रविदासको घर नजिक वर्षातका कारण पहिरो खसी क्षती भएकोले उक्त क्षती न्युनीकरण गर्न ता.न.पा.को मागमा आधारित शिर्षकवाट रकम रु. १,००,०००।- (एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

नगर प्रमुख

दिल्ली राज बेल्बासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ३०**

तानसेन नगरपालिकाद्वारा त्रैमासिक रुपमा प्रकाशित हुने हाम्रो तानसेन वुलेटिन, पूर्णाङ्क ९ बन्दाबन्दीको कारण छपाईको प्रकृयामा रहेकोले छपाई गर्दा लाग्ने खर्च रु. १,८८,१४५। (एकलाख अठासीहजार एकसय पैतालिस मात्र) आगामी आ.व.मा भुक्तानी दिने गरी जिम्मेवारी सार्ने निर्णय गरियो ।

**निर्णय नं.३१**

संघ र प्रदेश सरकारबाट प्राप्त भएको समपुरक र विशेष अनुदानवाट संचालित योजनाहरु कोभिड १९ को महामारीबाट घोषणा भएको बन्दाबन्दीका कारण समयमै कार्य सम्पन्न हुन नसकेकोले निम्न योजनाहरुको म्याद २०७७ पौष मसान्तसम्म थप गर्न अनुरोध गर्ने निर्णय गरियो ।

**योजनाको नाम:**

१. सडक सुधार कार्य (डाडा कटेरी, केरवादी, अर्तङ्गा कालीगण्डकी कोरीडोर सडक) तानसेन, १२ र १३, पाल्पा
२. सडक सुधार कार्य (भालेबास, छाप, पिपलडाडा, तिनाउ सडक) तानसेन, ८, पाल्पा
३. सडक सुधार कार्य (सेतीपोखरी, सिस्ने, बडहरबोट, गुफाचौर सडक) तानसेन, ५,११ र १०, पाल्पा
४. सडक सुधार कार्य नारायण डाडा, विषडाडा, अर्चले, सापाखुम चण्डी भञ्ज्याङ्ग सडक) तानसेन, १, ५, र १२, पाल्पा
५. सडक सुधार कार्य (तानसेन कालीगण्डकी लिङ्क सडक), तानसेन १२ र १३, सिमलको रुख, वौघागुम्बा छेर्लुङ्ग, पाल्पा)
६. श्री दमकडा माध्यमिक विद्यालय तानसेन-९, दमकडा मा अपाङ्गमैत्री आवासीय भवन निर्माण
७. अर्गली वृहत खानेपानी अयोजना
८. झरलाङ्गदी बाँध लिफट खानेपानी आयोजना
९. सुन्दरगाउ खानेपानी आयोजना
१०. पातीखर्क खानेपानी आयोजना
११. राजुवास खानेपानी आयोजना
१२. छेर्लुङ्ग खानेपानी आयोजना
१३. सरस्वती मा.वि. प्रभास आयोजना

**निर्णय नं. ३२**

तानसेन नगरपालिका वडा नं. ७ प्रभास कमलपोखरीको स्तरोन्नती गर्नका लागि ह्युमपाईप आवश्यक भएकोले एन.पी. ३ हेवी ह्युमपाईप ३० से.मी.४ (चार) थानको ईस्टिमेट अनुसारको रकम रु. ५९,४४०। (उन्साठी हजार चारसय चालिस मात्र) मागमा आधारित शिर्षकवाट भुत्तानी दिने निर्णय गरियो ।

नगर प्रमुख

शिवा राज बेल्वासे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

नगर प्रमुख

**निर्णय नं. ३३**

तानसेन नगरपालिका वडा नं. १४ स्थित त्रिभुवन माध्यामिक विद्यालयभित्र रहेको सरस्वती मन्दिरको निर्माण कार्यको लागि ता.न.पा. को मागमा आधारित शिर्षकवाट रु. १०००००। (एक लाख) भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं, ३४**

तानसेन नगरपालिकाको आ.व. २०७६/०७७ मा स्वीकृत तपशिल बमोजिमका वडास्तरीय योजनाहरु संसोधन गर्ने निर्णय गरियो ।

***१.तानसेन नगरपालिका वडा नं. १०***

**हाल कायम रहेको योजना:**

(क) नयापाटी मोटरवाटोमा माटो भर्ने रु. १००,०००।

**संसोधन गरिएको योजना:**

(क) नयापाटी श्रीनगर एग्रो फर्म देखि म्यालपोखरी सम्म मोटरवाटो स्तरोन्नती रु. १००,००० ।

***२.तानसेन नगरपालिका वडा नं ११***

**हाल कायम रहेको योजना:**

(क) वादर नियन्त्रण तथा व्यवस्थापन रु. ५०,०००।-

(ख) ढुंगाखानी रानीकुवा सडक रु. १,०००००।

**संसोधन गरिएको योजना**

(क) स्थानीय क्वारेन्टाइन व्यवस्थापन रु.५०,०००।-

(ख) कुडापानी खेलमैदान रु. १,०००००।

नगर प्रमुख

दिल्ली राज बेल्वासे
प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner